दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २८८ | बुटवल | २०८१ कार्तिक ०५, गते सोमबार | नेपाल संवत ११४४ | Monday Oct. 21, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# अपुग दरबन्दीमै विशेषज्ञ सेवा विस्तारमा भीम अस्पताल

## ८८ वर्ष अगाडि तत्कालिन प्रधानमन्त्री भीम समशेरको शासनकालमा तीन शैयाबाट सुरु अस्पताल भौतिक पूर्वाधारमा कमजोर हुँदासमेत वर्ष दिनमा सवा लाख बिरामीले ओपीडी सेवा लिएका छन्।

**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवा क्षेत्रको सबैभन्दा पुरानो र सरकारी अस्पतालको रुपमा रहेको भिम अस्पतालले विशेषज्ञ सेवा बढाउदै क्षमताभन्दा बढी सेवा दिइरहेको छ। ५० वेड क्षमता रहेको अस्पतालले दोब्बरभन्दा बढी वेड विस्तार गरी १०७ वेडबाट बिरामीलाई सेवा दिँदै आएको छ।



अस्पतालले १० जना कनसल्टेन्ट, १५ जना मेडिकल अफिसरलगायतबाट एक वर्षमा १ लाख १२ हजार ८ सय ४५ जनालाई ओपीडी सेवा, बहिरंग सेवा, १४ हजार ९ सय १३ जनालाई आकस्मिक सेवा प्रदान गरेको छ। अस्पतालमा कुल सेवाग्रहीको ८४ प्रतिशत ओपीडी सेवा लिने रहेका छन् भने जसमध्ये ६२ प्रतिशत पुरुष रहेका छन्। अस्पतालमा दैनिक अहिले सरदर ६ सय बिरामी आइरहेका छन्। सीमित जनशक्ति र स्रोत साधनले १ जना नर्स बराबर १३ जना बिरामीलाई सेवा दिनु परेको छ।

अस्पतालको सेवाहरु विस्तार हुँदै जाँदा स्वास्थ्य सेवा लिनेको संख्यामा पनि धेरै नै परिवर्तन भएको छ। बहिरंग सेवामा दैनिक ४ सय जनासम्म बिरामीहरु सरदर अस्पताल आइरहेको तथ्याङ्क छ भने प्रयोगशाला, सर्जरी र प्रसूतिमा पनि सेवाग्राही बढिरहेका छन् यो अस्पतालको लागि राम्रो पक्ष हो। पूर्वाधार निर्माण र उपकरणहरु थपिंदै गए पनि जनशक्ति, अभाव कायमै छ। अस्पतालले थप जनशक्तिबाट विशेषज्ञ सेवाहरु पनि थप्ने क्रममा छ।

अस्पतालको सेवामा विस्तार भए पनि भौतिक पूर्वाधारमा अस्पतालको अवस्था नाजुक छ। क्षेत्रफल पर्याप्त भए पनि भएको ४ वटा भवनले अस्पताल व्यवस्थापन गर्न चुनौती छ। प्रसूतिको लीगि भवन निर्माण सम्पन्न भए पनि हस्तान्तरण भएको छैन र यस्तै डाक्टर र नर्सको २-२ वटा आवास भए पनि अपर्याप्त छ। प्यारामेडिक्स आवास, कर्मचारी आवास, प्रसूति कुरुवा कक्ष छैन भने पोस्टमार्टम रुम १ वटा भए पनि अपर्याप्त रहेको छ।

न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा भीम अस्पताल, मुलुकभरका जिल्ला र प्रादेशिक अस्पतालहरुको टप सूचीमै रहेको छ। अस्पतालको गुणस्तर सुधारमा उल्लेख्य प्रगती भएको यसले पनि पुष्टि हुन्छ। विगत ४ वर्षदेखि अस्पतालमा धेरै सुधार भएको न्यूनतम सूचकले पनि देखाएको छ। २०७७-७८ मा ५३ प्रतिशत, २०७८-७९ मा ५६ , २०७९-८० मा ८८ हुँदै २०८०-८१ मा ९० प्रतिशत अंक न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मूल्यांकनमा अस्पतालले ल्याएको छ।

विगत ३ वर्षको तुलनामा वर्षेनी बिरामीहरुको चाप बढ्दै गएको देखिन्छ आर्थिक वर्ष २०७८-७९ मा ६३ हजार २ जनाले ओपीडी सेवा लिएकोमा वर्ष २०८०-८१ मा १ लाख १२ हजार ८ सय ४५ जनाले ओपीडी सेवा लिए। यस्तै ३ हजार ८ सय ७४ जनाले आकस्मिक सेवा लिएकोमा १४ हजार ९ सय १३ जनाले वर्ष २०८०-८१ मा सेवा लिए।

| सेवा/वर्ष | २०७८-७९ | २०७९-८० | २०८०-८१ |
|---|---|---|---|
| ओपीडी | ६३००२ | ९०३१० | ११२८४५ |
| आकस्मिक | ३८७४ | १२०६२ | १४९१३ |
| भर्ना भई उपचार | ५८५० | ५८६६ | ६५७३ |
| एक्स रे | ९४९८ | ११५७६ | १४२२३ |
| भिडियो एक्सरे | ७४८६ | ९७१० | १६३८९ |
| इसिजी | १७९७ | २५८३ | ३६४४ |
| सिटी स्क्यान | ० | २२२ | ९६१ |
| प्रयोगशाला | २४६८० | ३०८५८ | ३८७१९ |
| शल्यक्रिया | ९७०२ | ९६९२ | १२८७१ |
| सर्पदंशको उपचार | ११०९ | ८५८ | ८३७ |
| डग वाइट | २८०७ | ३९६२ | ३२८१ |

स्रोत : भिम अस्पताल प्रशासन

अस्पतालकी प्रमुख मेडिकल सुपरीटेण्डेण्ट डा.शकुन्तला गुप्ताले अस्पतालले कर्मचारीको सामूहिक प्रयासले लक्ष्यभन्दा बढी प्रगति हासिल गरेको भए पनि म अझैं पनि सन्तुष्ट छैन। विशेषज्ञ चिकित्सक, नर्सिङ, सफाइकर्मीलागयतको क्षेत्रमा जनशक्ति अभाव छ भने स्वास्थ्यकर्मी अवास र पोष्टमार्टम गृहमा पूर्वाधारको कमी छ, नवनिर्मित प्रसूति भवन हस्तान्तरण भएपछि सेवा थप विस्तार हुने गुप्ताले जानकारी दिइन्।

'स्वास्थ्य कार्यक्रमहरु उत्कृष्ट रहेको र केहीमा सुधार गर्नुपर्ने देखिएको छ,' उनले भनिन्-'हाडजोर्नी तथा नशा रोगका बिरामीहरुका लागि सेवा विस्तार, आइसीयुमा सेवा विस्तार र हेल्थ केयर फोहोर व्यवस्थापनको मापदण्डअनुसार फोहोर व्यवस्थापन गर्न नसकेकोले यसलाई योजनामा राखिएको छ।'

अस्पतालमा २०७७-७८ बाट स्वास्थ्य बिमा सुरुवात गरिएकोमा ४० हजार ३ सय ९९ जनाले सेवा लिएका छन्। बिमाअन्तर्गतको रकम समायोजन हुन नसक्दा समस्या भएको छ, बिमा बापत दाबी गरिएको रकम ५ करोड २ लाख ५४ हजार ५ सय ९१ रुपैयाँमा प्राप्त भएको रकम ३ करोड १० लाख ७८ हजार रहेको छ। १ करोड ९१ लाख ७५ हजार भुक्तानी हुन बाँकी रहेको अस्पताल प्रशासनले जानकारी दिएको छ।

» बाँकी ३ पेजमा

# रवि लामिछाने ६ दिन हिरासतमा

पोखरा। सहकारी ठगी आरोपमा पक्राउ परेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई अनुसन्धानका लागि ६ दिन म्याद थप भएको छ। पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलन प्रकरणमा पक्राउ परेका लामिछानेलाई जिल्ला अदालत कास्कीमा आइतबार पेश गरिएको थियो।

शुक्रबार काठमाडौं वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ परेका लामिछानेलाई सोही दिन राति पोखरा पुऱ्याइएको थियो। शनिबार सार्वजनिक बिदा परेकाले उनलाई आइतबार मात्रै अदालतमा पेश गरिएको हो । उनलाई अदालतमा पेश गर्नुअघि पोखराको सहिदचोकमा ठूलो संख्यामा कार्यकर्ता जम्मा भएका थिए भने राष्ट्रबैंक चोकमा सहकारी पीडित जम्मा भएका थिए।

जिल्ला प्रशासन कार्यालयले सम्भावित स्थिति नियन्त्रण गर्न सहिदचोक आसपासका क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको थियो। उक्त निषेधाज्ञा तोडेर नाराबाजी गर्ने क्रममा प्रहरीसँग धकेलाधकेलसमेत भएको थियो भने प्रदर्शनकारीमाथि प्रहरीले पानीको फोहोरा र अश्रुग्यास प्रहार गरेको थियो। रविको गिरफ्तारीको विरोधमा देशभरबाट रास्वपा कार्यकर्ता पोखरा पुगेर सरकारविरुद्ध प्रदर्शन र नाराबाजी गरेका थिए।

# 'प्रधानमन्त्रीले भ्रष्टाचारीलाई संरक्षण गरे'

पोखरा । प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सत्तामा रहुञ्जेल देशले धेरै दुःख पाउने दाबी गरेका छन्। आइतबार जिल्ला अदालत कास्कीमा म्याद थपका लागि प्रवेश गर्नुअघि सभापति लामिछानेले यस्तो बताएका हुन्।

पूर्वगृहमन्त्री समेत रहेका लामिछानेलाई प्रहरीले शुक्रबार काठमाडौँबाट पक्राउ गरेर पोखरा लगिएको थियो। अदालत प्रवेश गर्नुअघि सञ्चारकर्मीसँग लामिछानेले भने-'केपी ओलीको सरकार रहिरहने हो भने यो देशले धेरै दुःख पाउँछ।'

उनले अहिलेको सरकारलाई अधिनायकवादी सरकार भन्दै देशभरका जनतालाई सडकमा निस्किन अपिल समेत गरे।

अधिनायकवादी सरकारका विरुद्धमा देशैभरीबाात जो जो जहाँ जहाँ हुनुहुन्छ, मेरो लागि होइन देशका लागि बाहिर निस्कन पर्ने बेला आउन सक्छ भन्दै रविले सबैलाई अपिल गरे। यो सरकार रहुञ्जेलसम्म सरकारले यस्तै हर्कत गरिराख्ने र झुटा मुद्दामा मान्छेलाई फसाउने काम निरन्तर चलिरहने आरोप उनले लगाए। साथै, लामिछानेले ओलीले भ्रष्टाचारीलाई संरक्षण गरेर राखेको दाबी पनि गरे। उनले आफूलाई जस्तै छानबिन ओलीलाई गर्ने हो भने सबैभन्दा बढी भ्रष्टाचारको जगमा उभिएको फेला पर्ने पनि दाबी गरे।

'भ्रष्टाचारीलाई संरक्षण गरेर, सारा सहकारी पीडितहरू आफ्नो पार्टीभित्र पालेर, भ्रष्टाचारको जगमा उभिएर अर्कालाई ठग भनेर झुटा मुद्दा लगाउने हो भने, मलाईजस्तै डेढ वर्ष लगाएर केपी ओलीलाई छानबिन गर्ने हो भने सबैभन्दा बढी भ्रष्टाचारको जगमा उभिएको मान्छे केपी ओली हो। देशको प्रधानमन्त्री हुनुमा दुर्भाग्य छ।'-लामिछानेले भने।

न्याय प्रक्रियालाई सघाउन आफू पोखरा आएको उनले दाबी गरे।

# जनमत पार्टी आन्दोलनमा जाने

बुटवल। जनमत पार्टीले आन्दोलनका लागि तयार रहन पार्टी संरचनालाई निर्देशन गरेको छ। देशमा विषम राजनीतिक परिस्थिति रहेको जनाउँदै पार्टीको सबै तहका संगठनलाई आन्दोलनको लागि तयार रहन निर्देशन गरिएको प्रवक्ता शरदसिंह यादवले जानकारी गराए।

आइतबार पार्टी केन्द्रीय कार्यालय मध्यवानेश्वरमा बसेको सचिवालयको बैठकको निर्णयअनुसार पार्टी पंक्तिलाई आन्दोलनका लागि तयार रहन निर्देशन गरिएको हो । बैठकले मंसिरमा हुने स्थानीय तहको उपनिर्वाचनका लागि जनमत पार्टीले १४ कात्तिकसम्म उम्मेदवारको नाम केन्द्रीय सचिवालयमा पठाउन निर्वाचन परिचालन समितिलाई निर्देशन दिएको छ।

बैठकले स्थानीय उपनिर्वाचनको लागि जिल्ला इञ्चार्जको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरिएको प्रवक्ता शरदसिंह यादवले जानकारी गराए।

निर्वाचन समितिमा निर्वाचन हुने वडा र पालिकाको केन्द्रीय समिति सदस्य, राष्ट्रिय परिषद् सदस्य, प्रदेश सदस्य, पालिका अध्यक्ष, पालिका पूर्व अध्यक्ष, वडाध्यक्ष र वडा पूर्व अध्यक्ष रहने व्यवस्था पार्टीले गरेको छ।

# सातै प्रदेशमा गरिबलाई जलनको उपचार निःशुल्क

काठमाडौं । सरकारले सातै प्रदेशमा उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई जलनको उपचार निःशुल्क गर्ने भएको छ।

मन्त्रिपरिषद् बैठकले कोशीमा धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेशमा वीरगञ्जस्थित नारायणी अस्पताल, बागमतीमा कीर्तिपुर अस्पताल र गण्डकीमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जलनको उपचार हुनेछ।

त्यस्तै लुम्बिनीमा नेपालगञ्जस्थित भेरी अस्पताल, कर्णालीमा कर्णाली अस्पताल र सुदूरपश्चिममा सेती प्रादेशिक अस्पतालमा उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई कस्मेटिकबाहेकको जलन उपचार व्यवस्था निःशुल्क गर्ने आइतबार सार्वजनिक मन्त्रिपरिषद्को निर्णय छ।

# एमाले रूरूक्षेत्र गाउँ कमिटी अधिवेशन विवादमा

## अध्यक्षका उम्मेदवार चक्रपाणी गौतमको उम्मेदवारीलाई मान्यता नदिएपछि प्रदेश कमिटीमा उजुरी।

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा एमाले रुरु क्षेत्र गाउँ कमिटी गुल्मीको अधिवेशन विवादित बनेको छ। अध्यक्ष पदका एकजना उम्मेदवारको उम्मेदवारीलाई दर्ता नगरी मान्यता नदिई 'निर्विरोध' नेतृत्व चयन गरेपछि अधिवेशन विवादित बनेको हो। अधिवेशनको बन्द सत्रअन्तर्गत उम्मेदवारी दर्ता गर्ने बेलामा नेता चक्रपाणी गौतमलाई जेष्ठ कम्युनिष्ट मञ्चको प्रदेश कमिटी सदस्य रहेकाले गाउँ कमिटी अध्यक्षमा दिएको उम्मेदवारी आचार संहिता विपरित भएको भन्दै फर्सु ज्ञवालीलाई अध्यक्षमा निर्वाचित भएको घोषणा गरिएको थियो। विनोद गौतम प्रस्ताव र कल्पना गौतम समर्थनमा गौतमले उम्मेदवार मनोनयन फारम भरेका थिए।

फारम भरेर अध्यक्ष पदमा उम्मेदवारी दर्ता गर्न गएका बेला मात्रै आफूलाई जेष्ठ कम्युनिष्ट मञ्चको सदस्य रहेको जानकारी गराइएको उनले गुनासो गरे। एक वर्षसम्म यो विषय जानकारी नगराई, कुनै जिम्मेवारी समेत नदिइ अधिवेशनमा उम्मेदवार बनेपछि सार्वजनिक गरेर योजनाबद्धरुपमा नेतृत्वमा जान रोकिएको गौतमले दाबी गरे।

'२०८० माघ १६ गते मनोनित गरेको विषयको जानकारी एक वर्षसम्म नदिई उम्मेदवारी दर्ता गर्न थालेपछि दिइनु योजनाबद्ध षड्यन्त्र हो, यसले स्वच्छ प्रतिस्पर्धा गर्न पाउने जनताको बहुदलीय जनवादको मूल मर्ममाथि प्रहार भएको छ,' गौतमले भने-'जेष्ठ कम्युनिष्ट मञ्चको सदस्य कार्यकारी पद पनि होइन, हुँदैमा उम्मेदवार बन्न नपाइने पार्टी विधानमा छैन, तर मलाई रोक्न जिल्ला नेतृत्व नै लाग्यो।'

निर्वाचन भएको अवस्थामा आफूले चाहेको व्यक्ति हार्ने र आफूले जित्ने निश्चित देखेर आफूमाथि षड्यन्त्र गरिएको गौतमले आरोप लगाए। 'म ३० वर्षदेखि पार्टीमा योगदान गरेको अग्रज नेता हो, पञ्चायतकालमा समेत जनपक्षीय उम्मेदवार बनेर जितेको हुँ,अहिले पनि चुनाव भएको भए जित्ने देखेर नै उम्मेदवार बन्न नदिइ जबजको खिल्ली उडाइयो,' गौतमले भने-'पार्टीभित्र गुट झाँगिएको छ, एउटाले अर्को गुटलाई सिध्याउने खेल भयो।'

उम्मेदवार बन्नबाट वञ्चित गरी अन्याय भएको भन्दै गौतमले पार्टी प्रदेश कमिटीलाई निवेदन पठाउँदै न्याय दिन माग गरेका छन्। प्रदेश कमिटीका एक पदाधिकारीले पार्टीमा ३० वर्षदेखि योगदान गरेको अग्रज नेताको म्मेदवारीलाई दादागिरी शैलीमा मान्यता नदिइ एकलौटी गर्नुले इमान्दार नेतामाथि अन्याय भएकाले माथिल्लो कमिटीले न्याय दिने आश्वासन पाएको गौतमले बताए।

नेकपा एमाले गुल्मीका अध्यक्ष बालसिंह काउछा मगरले पालिका कमिटीभन्दा माथिल्लो कमिटीमा रहेकाले विधान र आचारसंहिताले नै गौतम उम्मेदवार बन्न योग्य नभएको बताए।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# फोहरमैला व्यवस्थापनमा कमजोरी

सिद्धार्थनगर नगरपालिकाले लामो समयदेखि नगरको फोहरमैला डण्डा नदी किनारमा फाल्दै आएको छ। नदी शहरको सुन्दरता हो। प्रकृतिले दिएको यो उपहारलाई जोगाएर राख्दा पर्यावरणीय सन्तुलन हुन्छ नै, अर्कोतिर पर्यटकीय शहर सिद्धार्थनगरको सौन्दर्य बढाउन पनि डण्डालाई उपभोग गर्न सकिन्छ। नगरको सुन्दरता नदीमा फोहर फालेर नगरपालिकाले लापरबाही गरिरहेको छ।

संसारमा कतिपय ठूला नदी किनारमै छन्, तर शहरको फोहर नदीमा बग्दैन्, तर हामीकहाँ शहर र नदीसँगै रहन नसक्ने बनाइएको छ। काठमाडौंले बागमती जोगाउन सकेन्। बागमतीमा अहिले ढल बग्छ। तिनाउ नदीलाई जोगाउन बुटवलको पटक्कै ध्यान पुगेन। बुटवल उप-महानगरपालिकाले पनि तिनाउ नदी किनारमै फोहर फाल्दै आएको छ। नदी किनारमा हुँदै आएको फोहर व्यवस्थापनको विकल्प खोज्न ढिलाइ भइरहेको छ।

सिद्धार्थनगर नगरपलिकाले अहिले बेलहिया–बुटवल सडक खण्डको नजिकै फोहर फाल्दा सडक यात्रुलाई समेत समस्या हुन थालेको छ। पहिले डण्डा किनारमै सडक क्षेत्रभन्दा केही दुरीमा फाल्दै आएको फोहर अहिले सडक नजिकै फाल्नुको बाध्यता हो, पहिले फोहर फाल्ने ठाउँ बस्ती नजिकै थियो। आसपासको बस्तीले विरोध गरेपछि सडक नजिकै विकल्प खोजेको नगरपालिकासामु अब फोहरमैलाको दिगो व्यवस्थापन गर्न दबाब बढेको छ। अहिलेसम्म फोहरमैलाको दिगो व्यवस्थापन किन हुन सकेन् ? यो प्रश्न खडा भएको छ।

सिद्धार्थनगर पर्यटकीय नगर हो। पर्यटकीय नगरको फोहरमैला व्यवस्थापनमा नगरपालिकाको योजनाबद्ध प्रयास खोई ? अहिले जहाँ नगरपालिकाले फोहर फाल्दै आएको छ, केही वर्ष पहिले त्यही पर्यटकका लागि स्वागतद्वार बनाइएको छ। पर्यटकलाई फोहरले स्वागत गर्नका लागि पक्कै त्यहाँ फोहर फालिएको होइन्।

सिद्धार्थनगर नगरपालिकाको पहिलो प्राथमिकता फोहरमैला व्यवस्थापन हुनुपर्छ। त्यसो त अरु नगरपालिका र गाउँपालिकाको पहिलो काम फोहरमैला व्यवस्थापन हुनुपर्छ। दोस्रो छाडागाईवस्तु व्यवस्थापन हो। स्थानीय तहले गर्नुपर्ने यी दुई काम गर्न सक्दा स्थानीय सरकारप्रति नागरिकको भरोसा र विश्वास बढ्छ।

रुपन्देहीका पालिका मिलेर फोहरमैला व्यवस्थापनको एकीकृत योजना कार्यान्वयन गर्न सक्छन्। फोहरमैला प्रशोधन केन्द्र हुने भएकाले अब फोहरमैला व्यवस्थापन गरी स्थानीय तहले आम्दानी समेत गर्न सक्छन्। एउटै पालिकाको प्रयासबाट मात्रै फोहरमैला प्रशोधन केन्द्र बन्न सक्तैन्। संभव हुने पालिका मिलेर फोहरमैला प्रशोधन केन्द्र निर्माण गरी फोहरमैला व्यवस्थापन गर्न ढिलाइ गर्न हुन्न।

# नेताहरूले जनताको 'मत' जितेका छन्, 'मन' जितेका छैनन्



किशोर नेपाल

आउँदो २०८२ सालमा संविधानको आत्मा जगाउने नै हो भने सबभन्दा पहिले दलका शीर्ष नेताहरूलाई नै व्यावहारिक राजनीतिको प्रशिक्षण दिनुपर्ने हुन्छ। अहिलेका धेरै नेताले उमेरको हद पार गरिसकेका छन्। संविधानको पुनरावलोकन गर्दा नेताहरूको उमेरको पनि हेक्का राख्नुपर्छ। हाम्रा नेताहरूले देशका लागि जति संघर्ष गरेका छन्, त्यसको मूल्य ब्याजसहित असुल गरिसकेका छन्। यो बिर्सिन नहुने तथ्य हो।

संघीय गणतन्त्रको दोस्रो निर्वाचन (२०७९ साल)पछि सरकार र संसद्को क्रियाकलाप अनौठो पाराले चलेको छ। निर्वाचनले नेपाली कांग्रेसलाई संसद्मा सबैभन्दा ठूलो दलका रूपमा स्थापित गरे पनि नेपाल कम्युनिस्ट पार्टी (एमाले)को सहयोगमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निर्वाचनपछिको पहिलो प्रधानमन्त्री हुनुभयो। त्यसपछि सबै राजनीतिक दलको सहमतिका आधारमा राष्ट्रपतिको निर्वाचन होस् भन्ने आशयका साथ नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाउन कस्सिनुभयो। राष्ट्रपतिमा पौडेलको निर्वाचनपछि एमालेको सहयोगमा सरकार चलाउने प्रचण्डको मनसाय द्वन्द्वमा पऱ्यो। त्यसपछि, उहाँले कांग्रेसको समर्थनमा आफ्नो पद कायम राख्नुभयो। तर, कांग्रेससँग विश्वासको आधार कायम राख्न सक्नुभएन। 'चलनअनुसार' कांग्रेसको सहयोगमा सरकार बनाएपछि गृह मन्त्रालयको दायित्व कांग्रेसले पाउनुपर्ने थियो। तर, कांग्रेससँग समीकरणको चाँजोपाजो मिलाउने नेता पूर्णबहादुर खड्का रक्षा मन्त्रालयमा खुम्चिनुभयो। कांग्रेस र माओवादीबीच सहमति भएकै दिन कलहको बीउ पनि रोपियो। अहिले प्रचण्ड सरकारप्रमुखको आसनबाट ओर्लिनुभएको छ। देशको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको हातमा छ। गृह मन्त्रालयको जिम्मा पाउनुभएको छ, कांग्रेस नेता रमेश लेखकले। लेखक २०६४ सालमा मन्त्री हुनुहुन्थ्यो। लामो अन्तरालपछि फेरि मन्त्री हुनुभएको छ।

निश्चय पनि, सरकार बदलिएको छ। दुई ठूला पार्टी मिलेर बनेको सरकारका नेताहरू देश 'चलाउने' नारा लगाइरहेका छन्। तर, देशले सामना गर्नुपरिरहेका कठिन समस्याहरूको समाधानमा सरकारको सक्रियता देखिएको छैन। बाढी, पहिरो र अरू अनेक रोग-व्याधीबाट जनता आक्रान्त छन्। तर, सरकारका गतिविधि होहल्ला र हलचलमा केन्द्रित रहेका छन्। केन्द्रीय सरकारलाई कतै नगरपालिकाले हल्लाएको छ, कतै सरकार आफैँले भष्मेश्वर महाश्मसानमा मुर्दा गन्न राखिएका सरकारी कर्मचारीले नै सरकारलाई रिंगाएका छन्। देशमा व्यापार, व्यवसायमा लागेका मारवाडी समूहकाविरुद्ध आक्रोशको आगो सल्काउन खोजिएको छ। काठमाडौंका लोकप्रिय नगरप्रमुख र उनका सहयोगीहरू रमाइरहेका छन्। तमासा हेर्ने र तमासा गर्ने विध्वंसात्मक प्रवृत्ति जताततै देखिएको छ।

निश्चय पनि, २०७९ सालको निर्वाचन प्रतिक्रियात्मक रह्यो। प्रमुख राजनीतिक दलका प्रमुख नेताहरूले निर्वाचनको परिणामपछि आउने संकटको अन्दाज लगाउन सकेनन्। अहिले विपरीत ध्रुवमा खडा भएका दलहरू टालटुल गर्न खोज्दै छन्। तर, नेपालका समस्या टालटुलले समाधान हुने खालका छैनन्। राजाको सक्रिय नेतृत्वमा शासन चलेदेखि 'व्यवस्था' टिकाउन जे जस्ता उपद्रव गरिएका थिए, त्यसै प्रकारका उपद्रवहरू अहिले पनि जारी रहेका छन्। नयाँनयाँ नाममा खुलेका पार्टी र पुराना पार्टीहरूको प्रवृत्तिमा कुनै भिन्नता देखिएको छैन।

नेपालमा राजनीतिक परिवर्तनको गति कसले निर्धारण गर्छ ? यो कसैलाई थाहा छैन। परिवर्तनको आफ्नै क्यालेन्डर छ। प्रत्येक १० वर्षमा देशमा कुनै न कुनै उथलपुथल हुने गरेको छ। १९९७ सालमा स्वतन्त्रताप्रेमी चार जना देशभक्तको शहादतको एक दशकपछि २००७ सालमा क्रान्तिको प्रारम्भ भयो। यो क्रान्तिको नेतृत्व लिएको थियो, नेपाली कांग्रेसले। क्रान्तिले १ सय ४ वर्ष पुरानो राणा शासनको अन्त्य गऱ्यो। त्यसपछि, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको 'सदाशय'अनुसार, नेपालमा संसदीय व्यवस्थाको प्रस्ताव गरियो। देशमा राजाको 'वैधानिक' नायकत्व स्थापित भयो। यस्तो प्रबन्ध भएको केही वर्षमै राजा त्रिभुवनको निधन भयो।

राजा महेन्द्र राजगद्दीमा बसेपछि उनले संसद्को निर्वाचन गराउने चासो देखाएनन्। कांग्रेसले महा-निर्वाचनको माग गर्दै सत्याग्रह आन्दोलन सुरु गऱ्यो। त्यही आन्दोलनको दबाबमा राजा महेन्द्रले २०१५ सालमा संसद्का लागि निर्वाचन गराए। राजा महेन्द्र विश्वस्त थिए- निर्वाचनमा कांग्रेसको पराजय सुनिश्चित छ। तर, परिणाम उल्टो आयो। कांग्रेस दुई तिहाइभन्दा बढी मतले विजयी भयो। बीपी कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार बन्यो। तर, कांग्रेसको सरकार र संसदीय व्यवस्था १७ महिनामै राजा महेन्द्रको प्रतिघातको सिकार बन्यो। बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायतका कांग्रेसका सबै नेता बन्दी बनाइए।

नेपालमा स्थापित बेलायती शैलीको शासन पद्धतिकाविरुद्ध शाही षड्यन्त्र भएको समयमा कलकत्तामा रहनुभएका कांग्रेसका नेता तथा कोइराला मन्त्रिपरिषद्का अर्थमन्त्री सुवर्णशमशेरले राजा महेन्द्रको प्रतिगमनका विरुद्ध सशस्त्र संघर्षको आह्वान गर्नुभयो। उहाँको त्यो संघर्ष २०२४ सालसम्म सक्रिय रह्यो। राजाको सैनिक बलसँग राजनीतिक दलका कार्यकर्ताहरू निरन्तर लड्नसक्ने स्थितिमा थिएनन्। त्यसैले, सुवर्णशमशेर राजा महेन्द्रसँग वार्ता गरेर कष्टकर निर्वासित जीवन बिताइरहेका कार्यकर्ताहरूको व्यवस्थापन गर्ने टुंगोमा पुग्नुभयो।

राजा महेन्द्रको आकांक्षानुसार भएको २०१७ सालको राजनीतिक दुर्घटनापछि देशको राजनीतिक स्थितिमा निकै ठूलो हलचल आइसकेको थियो। राजाको सक्रिय नेतृत्वमा चलेको निर्दलीय पञ्चायती व्यवस्थाले जनताको मान-मर्दन गर्न कुनै कसर बाँकी राखेको थिएन। यसका प्रत्युत देशका युवा तथा विद्यार्थीहरू प्रजातन्त्र प्राप्तिका लागि सजग र जागरुक भएका थिए। देशका सहरी क्षेत्रमा मात्रै होइन, गाउँ-गाउँमा परिवर्तनका संकेतहरू छरिन थालेका थिए। एकातिर वामपन्थी विचार राख्ने युवा विद्यार्थीहरू संगठित हुनेक्रम बढ्दो थियो भने अर्कोतिर प्रजातान्त्रिक विचार राख्ने युवा विद्यार्थीहरू संगठन निर्माणका क्रममा थिए। राजा महेन्द्रले बीपी कोइराला र उहाँसँगै कारागारमा रहनुभएका नेताहरूलाई रिहा गरिसकेका थिए। कुनै पनि कागजमा हस्ताक्षर गरेर नछुट्ने अडान लिने नेता कृष्णप्रसाद भट्टराईलाई पनि शाही सरकारले निःसर्त रिहा गरेको थियो।

राजा महेन्द्रको एकतन्त्रीय शासनकाविरुद्ध २०१७ सालपछि प्रजातन्त्रवादी र वामपन्थी विचार राख्ने युवा तथा विद्यार्थीहरू संगठित हुन थालेका थिए। अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनसँग जोडिएका वामपन्थी विचारका युवा तथा विद्यार्थीहरू प्रभावकारी ढंगले विरोधका आवाजहरू उठाइरहेका थिए। राजा महेन्द्रले प्रजातन्त्र समाप्त गरेको एक दशकपछि २०२७ सालमा नेपाली कांग्रेसका समर्थक युवा तथा विद्यार्थीहरूले नेपाल विद्यार्थी संघको गठन गरे। त्यसको १० वर्षपछि २०३७ सालमा बहुदल र निर्दलका बिचमा जनमत संग्रह भयो। अर्को १० वर्षपछि २०४७ सालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भयो। यी क्रमबद्ध घटनाहरू अहिलेसम्म निरन्तर रहेका छन्। एक-दुई वर्षको अन्तरालमा साना ठूला परिवर्तन परिलक्षित भएकै छन्।

सडकका मानिसहरू भन्न थालेका छन्- यो संविधान त राम्रै लागेको थियो। तर, यो हाम्रा लागि काम लाग्ने, गतिलो संविधान होइन रहेछ। यसले नेतातन्त्रको विकास गऱ्यो। तर, जनताका लागि विश्वसनीय काम गर्न सकेन। राजनीति गर्नेहरूको संरक्षणमा भ्रष्टाचार बढ्यो। देशमा चलेका विकास आयोजनाहरू पारदर्शी भएनन्। कृषि उब्जनी बढाउन किसानहरूलाई प्रोत्साहित गरिएन। परनिर्भरता बढ्दै गयो। देश र जनताका लागि अत्यन्त प्रतिकूल अवस्था सिर्जना भयो। कामको खोजीमा विदेश जानेको लर्को बढ्न थाल्यो। हाम्रा दलका मुख्य नेताहरू नै निर्लज्ज भए। उनीहरू देश र जनताप्रति जिम्मेवार भएनन्। हामी जनताका सेवक होइन, शासक हौं भन्ने दम्भमा रमाउन थाले।

२०४७ सालमा आएको परिवर्तनको ५ वर्ष बित्दा-नबित्दै तत्कालीन नेताहरूको अनुहारमा निर्दलीय पञ्चायत टल्किन थालेको थियो। अहिले देश संघीय गणतन्त्रमा रुपान्तरित भइसकेपछि पनि नेताहरूको अनुहारमा निर्दलीय पञ्चायतको टलक यथावत देखिन थालेको छ। माओवादीका प्रचण्ड हुन् कि कांग्रेसका देउवा हुन् कि एमालेका ओली हुन्, सबै सत्ताको खेलमा रमाएका छन्। मधेस र पहाड दुवैतिरका नेताहरू जनताप्रति विवेक शून्य छन्। उनीहरू न कल्पनाशील छन्, न उनीहरूमा कुनै ज्ञान नै छ। शीर्ष भनिने यी नेताहरूले जनताको मत त जितेका छन्, तर जनताको मन जित्न सकेका छैनन्।

यस्तो परिस्थितिमा विद्वान्हरू संविधान पुनरावलोकनको प्रस्ताव गर्न थालेका छन्। उनीहरूले यो देशमा चल्दै आएको परिवर्तनको दशवर्षे चक्रको पनि ध्यान राखेको हुनुपर्छ। २०६२-०६३ सालको परिवर्तनपछि २०७२ सालमा संघीय गणतन्त्र नेपालको समावेशी संविधान बन्यो। संविधानमा जनताको आत्मा थिएन। आउँदो २०८२ सालमा संविधानको आत्मा जगाउने नै हो भने सबभन्दा पहिले दलका शीर्ष नेताहरूलाई नै व्यावहारिक राजनीतिको प्रशिक्षण दिनुपर्ने हुन्छ। अहिलेका धेरै नेताले उमेरको हद पार गरिसकेका छन्। संविधानको पुनरावलोकन गर्दा नेताहरूको उमेरको पनि हेक्का राख्नुपर्छ। हाम्रा नेताहरूले देशका लागि जति संघर्ष गरेका छन्, त्यसको मूल्य ब्याजसहित असुल गरिसकेका छन्। यो बिर्सिन नहुने तथ्य हो।

राजधानीबाट

## नेप्से परिसूचक ४७ दशमलव ४४ अङ्कले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार एक दशमलव ७२ प्रतिशत अर्थात् ४७ दशमलव ४४ अङ्कले घटेर दुई हजार छ सय ९१ दशमलव ९१ अङ्कमा झरेको छ।

नेप्सेका अनुसार विभिन्न कम्पनीका दुई करोड आठ लाख ६८ हजार नौ सय १९ कित्ता सेयर रु आठ अर्ब १८ करोड दुई लाख ६२ हजार पाँच सय ७२ दशमलव १२ मा कारोबार भएका छन्।

कारोबारमा म्युचुअल फण्डबाहेकका सबै उपसमूहको सूचकमा रातो देखिएको छ भने म्युचुअल फण्डको सूचक स्थिर छ। नेप्सेका अनुसार कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको १० प्रतिशत, नगादी ग्रुप पावर लिमिटेडको नौ दशमलव ८९ प्रतिशत, हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९१ प्रतिशतले शेयर मूल्य बढेको छ। साथै इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशत, गुडविल फाइनान्स लिमिटेडको आठ दशमलव ४१ प्रतिशत, एनआइसी एसिया ऋणपत्र २०८२/८३ को पाँच दशमलव ८३ प्रतिशतले शेयर मूल्य ओरालो लागेको छ।


## ओमसतिया गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**हाटी फर्साटिकर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

### क्याटलग / ब्रोसर सपिङ्ग विधिबाट मोटरसाइकल तथा स्कुटर खरिद सम्बन्धी ७ दिने शिलबन्दी प्रस्ताव आह्वानको सूचना !!!

(प्रथम पटक प्रकाशन मिति २०८१/०७/०५ गते)

प्रस्तुत विषयमा यस ओमसतिया गाउँपालिका रुपन्देहीको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका मोटरसाइकल तथा स्कुटर सार्वजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेता (IMPORTER हरू बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलक सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधन उत्पादकको आधिकारिक स्पेशिफिकेसन (क्याटलग वा ब्रोसर, गुणस्तर र कम्पनीकोआधिकारिकमुल्य खुल्ने कागजात राखि तपशिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा वेबसाइट www.omsatiyamun.gov.np मा समेत हेर्न सकिनेछ।

**तपशिल :**

१. सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गरी कार्यालयबाट स्वीकृत स्पेशिफिकेसनको offered specification column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरू विवरण अनिवार्य भरेर सहि छाप गरि शिलवन्दीका साथ पेश गर्नुपर्नेछ।

२. उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेताले उक्तसवारी साधनहरु बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायवाट प्राप्त भएको अनुमति पत्र, सोको अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरणलगायत आबस्यक कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रूपमा पेश गरेको हुनुपर्नेछ।

३. यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म छुट्टाछुट्टै शिलबन्दी प्रस्ताव दर्तागराउनसकिनेछ तथा दर्ता गरिएका शिलबन्दी प्रस्तावहरू सोहिदिनको १:०० बजे खोलिनेछ। कार्यालयमा प्रस्ताव पेश गर्नुहुनयो सूचना प्रकाशन गरिएको छ।

४. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | Ground Clearance not less than 160 mm, Displacement 220+-10cc,4-Stroke DTS-I oil cooled single cylinder Engine,12 V full DC System etc. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ। |
| २ | मोटरसाइकल | Ground Clearance not less than 150 mm, Displacement not less than 149 cc, Air Cooled 4 stroke engine type,12 V Battery Capacity etc. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ। |
| ३ | स्कुटर | GroundClearance not less than 170 mm,Displacement not less than 120cc(minimum) ,Air Cooled engine type,12 V Battery Capacity etc. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ। |

**प्रमुख प्रशासकीय अधिकृत**


# चितुवाको त्रासमा सिमलघारीवासी

राँझा। चितुवाले घरमा आएर मानवीय क्षति पुऱ्याउन थालेपछि खजुरा गाउँपालिका-६ सिमलघारीका स्थानीय त्रसित भएका छन्। स्थानीय गिजरा सामुदायिक वनबाट चितुवा बस्तीमा पसरे आक्रमण गर्न थालेपछि स्थानीय त्रसित भएका हुन्।

गत भदौ ३० गते घरबाट स्थानीय वीरन्द्र पुनकी तीन वर्षीया बालिका लक्ष्मी पुनलाई चितुवाले आक्रमण गरी ज्यान लिएपछि सिमलघारीवासी त्रसित बनेका स्थानीय विनोद शाहीले बताए। "चितुवाले यसअघि पनि पटकपटक खोरमा राखेका बाखा तान्ने गरेको थियो, अहिले मान्छे तान्न थाल्यो", उनले भने- "घरको आँगनमा खेल्दै गरेकी बालिकालाई चितुवाले लगेपछि असुरक्षा बढेको छ।"

बालिकाको घरदेखि करिब एक किलोमिटर पश्चिमतर्फको गिजरा सामुदायिक वनको जङ्गलमा टाउको र एउटा खुट्टा फेला परेको थियो। सिमलघारी बस्ती नजिकै मानखोला किनारमा गिजरा सामुदायिक वन पर्दछ।

मानखोला पारी बर्दिया जिल्लातर्फ ठूलो जङ्गल रहेकाले राति जङ्गली जनावर मानव बस्तीमा आउने गरेका खजुरा-६ का वडाध्यक्ष फारुख शेषले बताए। जङ्गली जनावरका कारण स्थानीयवासी एक्लै हिँड्डुल गर्न, घरायसी काममा निस्कन, दाउँरा, घाँस गर्नसमेत डराउनुपर्ने स्थिति आएको उनले उल्लेख गरे।

गिजरा वनबाट दुई चितुवा नियन्त्रणमा लिए पनि स्थानीयको त्रास घटेको छैन। गत भदौमा बालिकाको चितुवाले ज्यान लिएपछि डिभिजन वन कार्यालय बाँकेले गत असोज १ गतेदेखि चितुवा नियन्त्रणमा लिन खोजतलास र नियन्त्रणको कार्य सुरु गरेको थियो।

खोजतलासका क्रममा हालसम्म दुई चितुवा खोर (केज) मा परेका डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत राजबहादुर चौधरीले जानकारी दिए। सामुदायिक वनमा अझैँ पनि चितुवा देखिएकाले स्थानीयवासीलाई सतर्कता अपनाउन आग्रह गरिएको उनले बताए।

गत असोज १८ गते र २५ गते दुई चितुवा नियन्त्रणमा लिई चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा पठाइएको वरिष्ठ वन अधिकृत चौधरीले जनाए। उनका अनुसार चितुवालाई नियन्त्रणमा लिन असोज १ गतेदेखि वन क्षेत्रमा तीन वटा फलामको खोर र वनका पाँच स्थानमा पाँच वटा सिसी क्यामेरा जडान गरी निगरानी गरिएको थियो। उनका अनुसार एक हप्ताभित्र दुई चितुवा नियन्त्रणमा आएका छन्।

बाँके र बर्दियाको सीमावर्ती क्षेत्र मानखोलाको किनारमा पर्ने गिजरा सामुदायिक वनबाट चितुवा बस्तीमा पसरे आक्रमण गर्न थालेपछि स्थानीय त्रसित हुँदै आएका छन्। दुईवटा चितुवा नियन्त्रणमा आएपछि केही राहत महसुस भएको खजुरा गाउँपालिका अध्यक्ष डम्बर विकले बताए। वन क्षेत्रमा अझै चितुवा रहेकाले खोजी नियन्त्रणमा लिने प्रयास भइरहेको भन्दै उनले स्थानीयलाई आवश्यक सर्तकता अपनाउन आग्रहसमेत गरे। रासस

**अपुग...**

समयमा भुक्तानी नहुने, सफटवेयर अपडेट भैरहँदा दाबीहरु प्रभावित हुने, सेवामा सीमा तोकिनु,अस्पतालमा सबै सेवा नहुँदा बिमितहरु अन्य अस्पतालमा रिफर भै जानु पर्नेलगायतका चुनौतीहरु स्वास्थ्य बिमा कार्यक्रममा देखिएको छ।

२५ सैयाको हुँदा ४२ जनाको दरबन्दी रहेकोमा २३ जना थिए भने अहिले अपग्रेड गरेर ५० शैयामा अस्पताल सञ्चालित छ । ७१ जनाको दरबन्दी रहेको अस्पतालमा २५ जना स्थायी २५ जना र करारमा ३२ जना गरी ५७ जना मात्रै दरबन्दीअनुसारको जनशक्ति छन् । सिओएनएस, एसएसयु, ओसिएमसीलगायतका विभिन्न कार्यक्रम छात्रवृत्तिबाट १८ जना, अस्पताल व्यवस्थापन समितिबाट ३० जना, दैनिक ज्यालादारीमा गरी १६६ जना जनशक्ति अस्पतालमा छन् ।

रुपन्देहीको पुरानो अस्पतालको रुपमा रहेको यसलाई सुधार गर्न सरकारी तथा निजी क्षेत्रबाट पनि सहयोग भइरहेको छ । अस्पताल सुधारका लागि जोश र जागरका साथ योजनाबद्ध ढङ्गले काम अगाडि बढेको छ । अस्पताल भित्र सुधार देखिने गरी काम भएको मेसु गुप्ताले बताइन ।

यस प्रदेशकै पहिलो जिल्ला अस्पतालको रुपमा सिटी स्क्यान सेवा सुरु २४ घण्टा दिँदै आएको छ। २०७४ सालदेखि फार्मेसी सञचालन गर्दै आएको अस्पतालमा अहिले ३३५ भन्दा बढी प्रकारको औषधि रहेको छ। ७ जना जनशक्तिबाट सो सेवा प्रदान भइरहेको छ, जसबाट औसतमा २७ लाखको औषधी मासिक बिक्री भइरहेको छ । यस्तै प्रयोगशाला, सर्जरी, भिडियो एक्सरे (रोडीयोलोजी ), बहिरंग र प्रसूतिमा पनि सेवाग्राही बढिरहनु, पूर्वाधार निर्माण र उपकरणहरु थपिएसँगै भएकै जनशीक्तमा सेवा दिनु पर्ने बाध्यात्मक अवस्था रहेको छ । सरकारी सेवा बाहेकका अन्य सेवाहरु पनि अस्पतालले विस्तार गर्न लागेको अस्पताल प्रशासनले जानकारी दिएको छ । कोरोनाको बेला भीम अस्पतालले उत्कृष्ट काम गर्न सफल भएको थियो ।

८८ वर्ष अगाडि तत्कालिन प्रधानमन्त्री भीम समशेरको शासनकालमा ३ शैयाबाट स्थापित अस्पताल वि.स. २०३५ सालमा १५ शैयामा र २०४१ सालमा २५ शैयामा स्तरोन्नति भयो । आ. व. २०७७/७८ मा २५ शैयाबाट ५० शैयाको लागि प्रस्तावित भएको अस्पताल १०० शैयाको अस्पतालको रुपमा सरकारले घोषणा भयो । हाल नेपाल सरकारको प्रस्तावित ५० शैयाबाट चलेको अस्पतालमा भीम अस्पताल विकास समितिको आर्थिक श्रोत एवं व्यवस्थापनबाट थप गरी कूल १०७ शैया सञ्चालित छ । स्वीकृत प्राप्त भए पनि सीमित जनशक्तिमा (दरबन्दी अनुसारको जनशक्ति नभएपनि) सञ्चालित छ।

